# छत्रदेव गाउँपालिका

## विदेशबाट फर्किएका युवाहरुको लागि (युवा लक्षित कृषि) कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६

(छत्रदेव गाउँपालिका गाउँ कार्यपालिकाद्वारा मिति २०७६/११/२४ गते स्विकृत)

## छत्रदेव गाउँपालिका

**छत्रगञ्ज,अर्घाखाँची**

**प्रदेश नं.५, नेपाल**

# छत्रदेव गाउँपालिका

**विदेशबाट फर्कि आएका युवाहरुको लागि(युवा लक्षित कृषि) कार्यक्रम कार्यान्वयन कार्यविधि -२०७६**

***प्रमाणीकरण मिति २०७६/११/२४गते***

**पृष्ठभूमिः**

कुल ग्राहस्थ उत्पादनको एक तिहाई भन्दा बढी कृषि क्षेत्रवाट प्राप्त हुने र दुई तिहाई भन्दा बढी जनसंख्या रोजगारी तथा जीविकोपार्जनका लागी यस कृषि क्षेत्रमा निर्भर रहने भएकोले अर्थतन्त्रमा कृषि क्षेत्रको महत्वपूर्ण भूमिका रहेको स्पस्ट छ ।प्रत्येक बर्ष धैरै संख्यामा उत्पादनशिल युवाहरु वैदेशिक श्रम बजारमा प्रवेश हुने गरेका छन् ।यसै सन्दर्भमा युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गरी कृषि उत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने र कृषि क्षेत्रको व्यवसायिकरणवाट आय आर्जन बढाउने उद्देश्यले युवा लक्षित कृषि व्यवसाय संचालनार्थ प्रतिस्पर्धी रुपमा अनुदान प्रवाह गर्न युवा लक्षित कृषि कार्यक्रम सञ्चालन गरिएको छ । कृषि/पशु उत्पादन क्षेत्रलाई निर्वाहमुखीवाट व्यवसायीकरणमा परिणत गर्न र तीव्रत्तर लगानी विस्तार गरी समग्र व्यवसायलाई थप व्यवसायिक, प्रतिस्पर्धी र उत्पादन लागत घटाउन यान्त्रिकरण र प्रविधिमैत्री एवं परिवर्तित वातावरणमैत्री बनाउँदै लैजान आवश्यक छ । यसका लागि कृषि/पशुपंक्षीको उत्पादन प्रशोधन तथा बजारीकरण गरी कृषकहरुलाई थप प्रतिस्पर्धी बनाउनको लागि प्रदान गरिने थप सहयोग तथा कार्यक्रमलाई अझ बढी प्रभावकारी एवं पारदर्शी रुपमा लक्षित वर्गसम्म पुर्याउन र कृषि/पशु व्यवसायलाई आर्थिक उपार्जन,स्वरोजगार प्रर्वद्धन एवं गरिवी न्युनिकरणको माध्यमवाट राष्ट्रिय अर्थ व्यवस्थामा ठोस योगदान पुर्याउनुका साथै बढ्दो बैदेशिक पलायनलाई निरुत्साहित गरी यस गाउँपालिकामा कृषि तथा पशु व्यवसायको माध्यमवाट हाम्रो नारा "छत्रदेवको शानः सुन्दर,शान्त,समृद्ध गाउँपालिका हाम्रो अभियान"लाई सफल पार्नुका साथै यस गाउँपालिकाको बिभिन्न नीति तथा कार्यक्रम सहज,सरल,पारदर्शी र प्रभावकारी रुपमा संचालन गर्न छत्रदेव गाउँपालिकाले यस आ.व.देखि कार्यक्रमको शुरुवात हुँदा कार्यक्रमलाई थप प्रभावकारी रुपमा सञ्चालन गर्न "विदेशबाट फर्किएका युवाहरुको लागि (युवा लक्षित कृषि) कार्यक्रम कार्यान्वयन कार्यविधिर २०७६"तयार गरीएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम "विदेशवाट फर्केका युवाहरुको लागी (युवा लक्षित कृषि) कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७६"रहेको छ ।

(ख) यो कार्यविधि छत्रदेव गाउँपालिकाबाट स्विकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२.परिभाषाः बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

(क) "युवा लक्षित कार्यक्रम"( Youth Focused Program)भन्नाले यूवाहरुलाई कृषि क्षेत्रमा आकर्षितगर्न प्रविधि,तालिम तथा बीउ पूँजि सहितको व्यवसायिक कृषि/पशु जन्य उत्पादन भन्ने बुझ्नु पर्दछ ।

(ख) "युवा" भन्नाले युवा लक्षित कार्यक्रम संचालन गर्न चाहने १८ देखि ५० वर्ष सम्मका नेपाली नागरिक भन्ने बुझ्नु पर्दछ ।

(ग) "विदेशवाट फर्किएका युवाहरु" भन्नाले नेपाल वाहिर अन्य देशमा गईनेपाल फर्किएका युवा संझनु पर्दछ र भारत वाहेक अन्य भिसा लाग्ने मूलुकको हकमा भिसालागेको र फर्किएको प्रमाण पेश गर्नु पर्नेछ

।पुरै अवधि बसी फर्किएको भएतापनि सो को लागि विदेशवाट फर्किएको युवा मानिनेछ ।भारतको हकमा कम्तीमा १ वर्ष भारतमा बसोबास गरेको सिफारिस सम्वन्धित वडावाट पेश गर्नुपर्ने छ ।

(घ) "क्लष्टर"भन्नाले एकै वाली विशेषको एकै क्षेत्रलाई जनाउँछ ।

(ङ) "सम्बन्धित गा.पा."भन्नाले छत्रदेव गा.पा.सम्झनु पर्दछ ।

(च) "स्कीम"भन्नाले व्यवसायिक कृषि तथा पशुपालन व्यवसाय सञ्चालनको लागि तयार गरिएकोप्रस्ताव भन्ने बुझ्नु पर्दछ ।

(छ)"युवा लक्षित कृषि कार्यक्रम" भन्नाले विदेशबाट फर्किएका युवाहरुको लागि (युवा लक्षित कृषि) कार्यक्रम सम्झनु पर्दछ ।

**३.उद्देश्यः**

यो कार्यविधिका उद्देश्य देहायबमोजिम रहेको छ ।

(क) व्यवसायिक कृषि तथा पशुपालन व्यवसाय संचालनको लागि आवश्यक पर्ने प्रविधि तथापूंजि प्रदान गर्ने ।

(ख)विदेशबाट फर्केका युवाहरुको लागि स्वदेशमा रोजगारीको अवसरहरु श्रृजना गर्न सहयोग पुर्याउने ।

(ग) युवाहरुको आयआर्जनमा टेवा पुर्याइ कृषक परिवारको जीवनस्तरमा सुधार ल्याउन सहयोग पुर्याउने ।

(घ) कृषिजन्य वस्तुको उत्पादन र उत्पादकत्व बृद्धि गर्ने ।

## परिच्छेद-२

## युवा लक्षित कार्यक्रम तथा कार्यक्रम सञ्चालन विधि

४.युवा लक्षित कार्यक्रमः यस कार्यविधि अन्तर्गत देहाय बमोजिमका कार्यक्रमहरु सञ्चालन गरिने छन् ।

(क) विदेशवाट फर्किएका युवा लक्षित व्यवसायिक तरकारी उत्पादन कार्यक्रम

(ख) विदेशवाट फर्किएका युवा लक्षित व्यवसायिक च्याउ उत्पादन कार्यक्रम

(ग) विदेशवाट फर्किएका युवा लक्षित व्यवसायिक मौरीपालन कार्यक्रम

(घ) विदेशवाट फर्किएका युवा लक्षित व्यवसायिक लोकल कुखुरापालन/बाख्रापालन कार्यक्रम

(ङ ) विदेशवाट फर्किएका युवा लक्षित व्यवसायिक गाई/भैसीपालन कार्यक्रम

५.युवा लक्षित व्यवसायिक कृषि तथा पशुपालन कार्यक्रम छनौटका आधारहरुः

लक्षित व्यवसायिक कृषि तथा पशुपालन कार्यक्रम सञ्चालनार्थ युवा कृषक तथा क्षेत्र छनौटका आधारहरु देहाय बमोजिम हुनेछन् ।

(क) कृषि तथा पशुपालन स्थल प्राविधिक, भौगोलिक तथा आर्थिक दृष्टिकोणले उपयुक्त हुनुपर्ने छ ।

(ख) कृषि तथा पशुपालनको लागी जमिन आफ्नै वा भाडामा लिएर गर्न सकिने छ । स्किम संचालन गर्ने यूवा सोही गाउँपालिकामा स्थायी बासिन्दा हुनु पर्ने वा छत्रदेव गाउँपालिका भित्रको जग्गाभाडामा लिई व्यवसायिक खेती गरेको हनु पर्नेछ ।

(ग) व्यवसायिक कृषि तथा पशुपालनका लागि सम्बन्धित युवाहरुले स्किमको कूल लागतको ५० %भार व्यहोर्नु पर्नेछ ।उक्त भार रकम/श्रमदान/जिन्सी वा तिनै थरी गरी हुन सक्नेछ ।

(घ)महिला/दलित/सामाजिक रुपमा पिछडिएका तथा विपन्न युवावर्गको हितलाई विशेष प्राथमिकता दिईने छ ।

(ङ )स्किम छनौट गर्दा कृषि ज्ञान केन्द्रले निर्धारण गरेको पकेट क्षेत्र वाहेक पकेटले नसमटिएका वा सो आसपासका क्षेत्रलाई प्राथमिकता दिईने छ ।

(च) वातावरणीय अनुकुलका स्किमहरुलाई प्रोत्साहित गरिने छ ।

(छ) कृषि ज्ञान केन्द्र, कृषि तथा पशुपालन विषयगत जोन तथा अन्य सरकारी /गैह्र सरकारी संघ/संस्था/निकायका अन्य कार्यक्रमबाट कृषि तथा पशुपालन प्रयोजनका लागि सहयोग नलिएको स्किम छनौट गरिने छ ।

(ज) एकपटक अनुदान पाएका कृषक/सगोलमा रहेका कृषक परिवारलाई पूनःअनुदान दिईने छैन ।

(झ) छनौट भएका स्किमहरु सोही आर्थिकबर्ष भित्र सम्पन्न हुनु पर्दछ ।

## ६.विदेशवाट फर्किएका युवा लक्षित व्यवसायिक कृषि तथा पशुपालन उत्पादन कार्यक्रम संयोजक र निजको दायित्वः

युवा लक्षित व्यवसायिक कृषि तथा पशुपालन कार्यक्रम सञ्चालनार्थ कार्यक्रम संयोजक र निजको दायित्व देहाय बमोजिम हुनेछ ।

(क) विदेशवाट फर्किएका युवा लक्षित व्यवसायिक कृषि तथा पशुपालन कार्यक्रमको लागि छत्रदेव गाउँपालिकाका कृषि/पशु शाखाका अधिकृत स्तरका कर्मचारीलाई संयोजक तोकी जिम्मेवारी दिने वा निज नभएको खण्डमा कार्यालय प्रमुखले कुनै अधिकृतलाई संयोजक तोकी जिम्मेवारी तोक्न सक्नेछ ।

(ख) संयोजकले कृषि तथा पशुपालनमा देखिएको समस्या हेरी सम्बन्धित विषय विशेषज्ञ र सम्बन्धितप्राविधिक टिमको सहयोगमा निरीक्षण, अनुगमन,समस्या समाधान जस्ता कार्यहरु गर्नुपर्नेछ ।

## ७. विदेशवाट फर्किएका युवा लक्षित व्यवसायिक कृषि तथा पशुपालन कार्यक्रम सञ्चालन प्रकृया

विदेशवाट फर्किएका युवा लक्षित व्यवसायिक कृषि तथा पशुपालन कार्यक्रम सञ्चालनार्थ कार्यक्रम सञ्चालन प्रकृया देहाय बमोजिम हुनेछ ।

**(क)सूचना प्रवाहः**

छत्रदेव गाउँपालिकाले युवा लक्षित व्यवसायिक कृषि तथा पशुपालन कार्यक्रमसञ्चालन गर्दा अपनाउनु पर्ने आधारहरु तथा कार्यविधि बारे,स्थानिय पत्रपत्रिका,गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरु,स्थानिय एफ.एम.मार्फत अनुसूची १ बमोजिमको ढाँचामा सूचना प्रवाह गराउनु पर्नेछ ।

**(ख)आवेदनः**

उपरोक्त कार्यक्रम अन्तर्गत सञ्चालन हुने कुनै पनि व्यवसायिक उत्पादन कार्यक्रम कार्यान्वयनकोलागि बिदेशबाट फर्केका यूवाहरुबाट अनुसूचि २ बमोजिमको ढाँचामागाउँपालिकाको सम्वन्धित वडा कार्यालयहरुमा आनवेदन पेश गर्नुपर्नेछ ।उक्त पेश हुन आएका आवेदनहरु सम्बन्धित वडा कार्यालयबाट सिफारिस गरी वडा कार्यालयमा दर्ता गरी म्याद समाप्त भएको भोलीपल्टनै गाउँपालिकाको कार्यालयमा पठाउनु पर्नेछ

**(ग)स्किमः**

आवेदकको साथमा अनुसूची ३ बमोजिमको ढाँचामा आफूले गर्न चाहेने स्किमको संक्षिप्त कार्ययोजना पेश गर्नुपर्नेछ ।तरकारी खेतीको हकमा हरेक प्लाष्टिक टनेल घरमा मल्चिङ सहितको थोपा सिचाई अनिवार्य समावेश हुनुपर्नेछ ।

**(घ)छनौट प्रकृयाः**

छत्रदेव गाउँपालिकाले दफा ७(ग)बमोजिम विदेशवाट फर्केका व्यवसायिक कृषि विकास/पशु विकासउत्पादन कार्यक्रमबारे माग भई आएका आवेदकहरुको छनौट प्रक्रिया अगाडिबढाउदा अनुसूची ६माउल्लेखित सूचकहरुको आधार एवं स्किम संचालन हुने स्थानको स्थलगत अवलोकन प्रतिवेदन तयार गरी छत्रदेव गाउँपालिकाको सम्बन्धित वडा कार्यालय मार्फत छत्रदेव गाउँपालिकामा पेश गर्नुपर्ने छ ।

**(ङ)अनुदान रकम प्रवाह प्रक्रिया:**

अनुदान सहयोगको रकम र उपलव्ध गराउने प्रक्रिया देहाय बमोजिम हुनेछ।

**(क) अख्तियारी:**

विदेशवाट फर्किएका युवा लक्षित कार्यक्रम संचालनको लागि छत्रदेव गाउँपालिकालाई नै अख्तियारी हुनेछ।

**(ख) उपलव्ध गराउने रकम:**

विदेशवाट फर्किएका युवा लक्षित कार्यक्रम संचालनको लागि प्रति स्किम बढिमा रु.५०,०००।- सम्म अनुदान रकम उपलव्ध गराईने छ।

**(ग)स्किम:**

स्विकृती पश्चात छत्रदेव गाउँपालिकाको कार्यालयले उक्त कार्यक्रमको लागि अनुदान रकम नेपालबंगलादेश बैक खातामा उपलव्ध गराउन सक्नेछ ।यसरी अनुदान रकम उपलव्ध गराउदा सम्बन्धित वडा कार्यालय र विषयगत शाखाले अनुगमन गरी सन्तोषजनक रुपमा कार्यक्रम सम्पन्न भएको पाईएमा रकम भुक्तानी दिईने छ।

**(घ) छनौट प्रकृया:**

विदेशवाट फर्किएका युवा लक्षित कार्यक्रममा स्किम स्विकृत भएका युवा कृषकहरुले देहाय बमोजिम कृषि तथा पशुपालन गर्नु पर्नेछ।

- तरकारीको हकमा कम्तीमा ५रोपनी जग्गामा २ सिजन बर्षे र हिउँदे तरकारी खेती गर्नुपर्ने।
- मौरीपालनमा कम्तीमा २०गोला मौरी सहितको घार र मौरी चरन वोट विरुवा लगाएको हुनुपर्ने।
- च्याउखेतीको हकमा कम्तीमा पनि ३वटा च्याउघर (टनेल)भई प्रति टनेल १५०वल्व अनिवार्य हुनुपर्ने ।
- पशुपालनको हकमा प्रति स्किम गाई/भैसी माउ-५ वटा, बाख्रा माउ-२०वटा,२००वटा लोकल कुखुराहरुको संख्यामा हुनु पर्ने छ।

**(ङ)अग्रसरता र सम्झौता:**

नेपाल सरकारको प्रचलित ऐन नियम बमोजिम छत्रदेव गाउँपालिकाले अग्रसरता लिई सम्बन्धित युवाहरुद्धारा पारदर्शिता अपनाई कार्यक्रम संचालन गर्नेछ। कार्यक्रम संचालन पेश भएको स्किम र सम्झौता अनुसार हुनुपर्नेछ।

**८.कार्य सम्पन्न प्रतिवेदन:**

युवा कृषकहरुले स्कीम र सम्झौता अनुसार कार्यक्रम पूर्णरुपले सम्पन्न भई सकेपछि सम्बन्धित वडा कार्यालयमार्फत छत्रदेव गाउँपालिकाको कार्यालयमा अनुसूची-५ बमोजिमको ढाँचामा कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेछ। छत्रदेव गाउँपालिकाको कार्यालयले गाउँपालिकामा संचालित युवा लक्षित कार्यक्रमको प्रगति कम्पाईल गरी मासिक,चौमासिक र बार्षिक रुपमा प्रगति प्रतिवेदन तयार गर्नु पर्नेछ।

## परिच्छेद-३

### ९.भुक्तानी प्रकृयाः

स्वीकृत भएका प्रस्तावहरुलाई क्लष्टरको रुपमा छत्रदेव गाउँपालिकाको कार्यालयले सम्पन्न प्रतिवेदनरिपोर्ट र विल भरपाई संलग्न गरी सिफारीस भई आएपछि सम्झौता अनुसार भुक्तानी गरिने छ।

**कार्यक्रमको विवरण तथा दायित्व**

| क्र.सं. | कार्यक्रमको विवरण | छत्रदेव गाउँपालिकाको दायित्व | कार्यक्रम स्विकृत भएका सम्बन्धित युवाहरुको दायित्व |
|---|---|---|---|
| १ | युवा लक्षित व्यवसायिक तरकारी खेती | पहिलो वर्ष १ पटक मात्र प्रति कृषक रु.५०,०००।- वरावरको अनुदान सहयोग प्रदान गर्ने। | स्किम र सम्झौता अनुसार।<br>आवश्यकतानुसारको सामाग्रीहरुको आपूर्ति गरी कार्य गर्ने र सक्कलै विल भरपाई भुक्तानीको लागी पेश गर्ने। |
| २ | युवा लक्षित मौरीपालन कार्यक्रम | पहिलो वर्ष १ पटक मात्र प्रति कृषक रु.५०,०००।- वरावरको अनुदान सहयोग प्रदान गर्ने। | स्किम र सम्झौता अनुसार।<br>आवश्यकतानुसारको सामाग्रीहरुको आपूर्ति गरी कार्य गर्ने र सक्कलै विल भरपाई भुक्तानीको लागी पेश गर्ने। |
| ३ | युवा लक्षित च्याउ उत्पादन कार्यक्रम | पहिलो वर्ष १ पटक मात्र प्रति कृषक रु.५०,०००।- वरावरको अनुदान सहयोग प्रदान गर्ने। | स्किम र सम्झौता अनुसार।<br>आवश्यकतानुसारको सामाग्रीहरुको आपूर्ति गरी कार्य गर्ने र सक्कलै विल भरपाई भुक्तानीको लागी पेश गर्ने। |
| ४ | युवा लक्षित गाई/भैसी उत्पादन कार्यक्रम | पहिलो वर्ष १ पटक मात्र प्रति कृषक रु.५०,०००।- वरावरको अनुदान सहयोग प्रदान गर्ने। | स्किम र सम्झौता अनुसार।<br>आवश्यकतानुसारको सामाग्रीहरुको आपूर्ति गरी कार्य गर्ने र सक्कलै विल भरपाई भुक्तानीको लागी पेश गर्ने। |
| ५ | युवा लक्षित बाख्रा/लोकल कुखुरा उत्पादन कार्यक्रम | पहिलो वर्ष १ पटक मात्र प्रति कृषक रु.५०,०००।- वरावरको अनुदान सहयोग प्रदान गर्ने। | स्किम र सम्झौता अनुसार।<br>आवश्यकतानुसारको सामाग्रीहरुको आपूर्ति गरी कार्य गर्ने र सक्कलै विल भरपाई भुक्तानीको लागी पेश गर्ने। |
| ५ | युवा लक्षित फलफूल उत्पादन कार्यक्रम | पहिलो वर्ष १ पटक मात्र प्रति कृषक रु.५०,०००।- वरावरको अनुदान सहयोग प्रदान गर्ने। | स्किम र सम्झौता अनुसार।<br>आवश्यकतानुसारको सामाग्रीहरुको आपूर्ति गरी कार्य गर्ने र सक्कलै विल भरपाई भुक्तानीको लागि पेश गर्ने। |

## परिच्छेद-४
## विविध

**१०.अनुगमन तथा मूल्याङ्कन व्यवस्था:**

छत्रदेव गाउँपालिका अन्तर्गतका कृषि विकास तथा पशुसेवा इकाईबाट स्किम सञ्चालन भएको कलष्टरमा नियमित अनुगमन हुनेछ। आवश्यकताको आधारमा गाउँपालिकाको कार्यालय तथा गाउँपालिका पदाधिकारीहरुको टिमबाट समेत अनुगमन हुनेछ।

अनुगमन तथा मूल्याङ्कनकर्ताले आफूले गरेको अनुगमन तथा मूल्याङ्कन कार्यक्रमको प्रतिवेदन सम्बन्धित कार्यालयहरुमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

**११.कारवाहिको व्यवस्था:**

प्रस्ताव स्वीकृत भएका युवा कृषकहरुले स्किम र सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाईएमा प्रचलित ऐन नियम तथा कानून बमोजिम कारवाही गरी सरकारी रकम असुल उपर गरिने छ।

**१२.प्रचलित कानून लागू हुने:**

युवा लक्षित कार्यक्रम कार्यान्वयनको सम्बन्धमा प्रचलित कानूनमा उल्लेख भएकोमा सोही बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यविधि बमोजिम कार्यान्वयन हुनेछ।

**१३.कार्यविधि संशोधन तथा परिमार्जन:**

छत्रदेव गाउँपालिकाले यस कार्यविधि समयसापेक्ष आवश्यक परिमार्जन एवं संशोधन गर्न सक्नेछ।

**१४.बिमा:**

हरेक युवा लक्षित स्कीमले सम्भाव्यताको आधारमा बिमा गराउनु पर्नेछ।

**१४.खारेजी तथा बचाउ:**

विदेशवाट फर्किएका युवा लक्षित कार्यक्रम कार्यान्वयन कार्यविधि २०७६ बमोजिम भए गरेका काम कार्वाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ।

## अनुसूची-१

## व्यवसायिक तरकारी खेती/च्याउ खेती/मौरीपालन/बाख्रापालन/भैसीपालन/गाईपालन/लोकल कुखुरापालन सम्बन्धीविदेशबाट फर्किएका युवाहरुको लागि (युवा लक्षित कृषि) कार्यक्रमको प्रस्ताव आव्हानको सूचनाको ढाँचा

**सूचना ! सूचना ! ! सूचना ! ! !**

यस छत्रदेव गाउँपालिकाको कार्यालयको आ.व.२०७६/०७७को बार्षिक स्वीकृत कार्यक्रम अनुसार विदेश वाट फर्केका यूवाहरुलाई व्यवसायिक तरकारी खेती/च्याउखेती/मौरीपालन/बाख्रापालन/भैसीपालन/गाईपालन/लोकल कुखुरापालन सम्बन्धि कार्यक्रमको माध्यमवाट स्वरोजगार प्रवर्द्धन गर्ने कार्यक्रम रहेको हुँदा ईच्छुक १८ देखि ५० वर्ष उमेर पुगेका,विदेशवाट फर्कि आएका युवाहरुवाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र तोकिएको ढाँचा अनुसारको आवेदन फाराममा दरखास्त दिनु होला । पूनश्चः आवेदन साथ तपसिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सूचना द्धारा सूचित गरिन्छ ।

**तपशिलः**

१-अनुसूची-२ अनुसारको आवेदन फाराम ।
२-अनुसूची-३ अनुसारको संक्षिप्त कार्य योजना ।
३-नेपाली नागरिकताको प्रतिलिपी ।
४-अन्य प्रमाणपत्रहरुको (विषयगत तालिम,विषयगत शैक्षिक योग्यता,आदी) प्रतिलिपी ।
५-सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र ।
६-पासपोर्टको प्रतिलिपी (भारत वाहेक)।
७-विदेश फर्केको प्रमाण ।(भारतको हकमा कम्तीमा १वर्ष वसेको सम्बन्धित वडा कार्यालयको सिफारीस र अन्य भिसालाग्ने मूलुकको हकमा गएको र फर्किएको भिसाको प्रमाणित प्रतिलीपी वाहेक)

अनुसूची २

**व्यवसायिक तरकारी खेती/च्याउ खेती/मौरीपालन/बाख्रापालन/भैसीपालन,गाईपालन/लोकल कुखुरापालन सम्बन्धीविदेशबाट फर्किएका युवाहरुको लागि (युवा लक्षित कृषि) कार्यक्रममा अनुदान सहयोग प्राप्त गर्नको लागि दिईने आवेदन-पत्र**

मितिः ..........................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
छत्रदेव गाउँपालिकाको कार्यालय छत्रगञ्ज अर्घाखाँची ।

**बिषयः विदेशवाट फर्किएका युवाहरुको लागी युवा लक्षित अनुदान सहयोग कार्यक्रम उपलव्धगराई दिने वारे ।**

महोदय

मलाई अनुदान/प्रविधि प्राप्त गरी................................................................कार्य गर्न तिब्र ईच्छा भएकोले निम्नानुसार कागजात राखी निवेदन गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्बन्धित गाउँपालिका भित्रै रही कार्य गर्नेछु ।पूनश्चःतपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।

**तपशिलः**

१.अनुसूची ३ अनुसारको संक्षिप्त कार्ययोजना ।
२.नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपी ।
३.फर्म/समूह समिति/सहकारी सम्बन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपी वा व्यक्तिगत कृषक ।
४.अन्य प्रमाणीत प्रमाणपत्रहरु (विषयगत तालिम, विषयगत शैक्षिक योग्यता अदिका प्रतिलिपीहरु) ।
५.बैदेशिक रोजगारवाट फर्केकाहरुको पासपोर्टको प्रतिलिपी ।
६.सम्बन्धित वडा कार्यालयहरुको सिफारिसि पत्र ।
७.समूह/ समूह समिति/सहकारीका सदस्यहरुका परियोजना प्रस्ताव पेश गर्न र परियोजना छनौट भएमा कार्यान्वयन गर्ने प्रतिवद्धता ।
८.अनुसूचि १को ७नं.वुँदा बमोजिमको व्यहोरा हुनुपर्ने छ ।

**निवेदकको**

नामः
दस्तखतः
ठेगानाः
फोन नं.

# संघ/संस्थाको सिफारिस

यस...............................................................संघ/संस्था/सहकारीको मिति .....................को निर्णय अनुसार निवेदनकर्तालाई........................................कार्यको लागि यस ........................को जमानतमा माग गरे बमोजिमको रु............(अक्षररुपी....................................) मात्र अनुदान सहयोग उपलव्ध गराई दिनु हुन अनुरोध गर्दछौं ।

**सिफारिस गर्ने पदाधिकारीको**

नामः
पदः
दस्तखत र मितिः
संघ/संस्थाको नाम र ठेगानाः
सम्पर्क नं.
संस्थाको छापः

अनुसूची ३

**व्यवसायिक तरकारी खेती/च्याउ खेती/मौरीपालन/बाख्रापालन/भैसीपालन,गाईपालन/लोकल कुखुरापालन सम्बन्धि विदेशबाट फर्किएका युवाहरुको लागि (युवा लक्षित कृषि) कार्यक्रमको अवधारणाको संक्षिप्त कार्य योजना**

उद्यमी युवा/युवतीको नाम थरः

ठेगानाः छत्रदेव गाउँपालिका वडा नं. गाउँ/टोलः अर्घाखाँची

जिल्लाः अर्घाखाँची

संचालन गर्न खोजेको सम्बन्धि व्यवसाय र स्थानः

सहयोग स्वरुप माग गरेको अनुदान रकम लगानीः

आफ्नो लगानीः

आफ्नो पारिवारिक श्रमः

व्यवसायवाट उत्पादन हुने वस्तुः

उत्पादित कृषि बस्तुको परिमाणः

बजारयोग्य परिमाणः

व्यवसायले वातावरणमा नकारात्मक प्रभाव पार्छ/पार्दैन

फर्म/समूह/समिति/सहकारीको नामः सम्पर्क नम्बरः

ठेगानाःगाउँ/टोलः वडा नं. छत्रदेव गाउँपालिका अर्घाखाँची जिल्ला

व्यवसाय संचालन गरिने स्थानः

संचालन गरिने कार्य विवरणः

| क्र.सं. | संचालन गरिने क्रियाकलाप | अनुदान सहयोग | नीजि लगानि | जम्मा लगानि |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

व्यवसाय गरेको भए,विगत कति वर्ष देखि निरन्तर गरि रहेको ? वर्ष महिना

व्यवसायको लागि श्रमको व्यवस्थापनः क) पारिवारिक ख) वाहिर वाट ग) दुवै

कार्य योजनाको तर्फ वाट सहि गर्नेको

नामः संस्थाको छापः(संस्थाको हकमा)

पदः

दस्तखतः मितिः

अनुसूची ४

**व्यवसायिक तरकारी खेती/च्याउ खेती/मौरीपालन/बाख्रापालन/भैसीपालन,गाईपालन/लोकल कुखुरापालन सम्बन्धीविदेशबाट फर्किएका युवाहरुको लागि (युवा लक्षित कृषि) कार्यक्रमको लागि गरिने सम्झौता-पत्र**

छत्रदेव गाउँपालिका अर्घाखाँची द्धारा संचालन गरिने चालु आ.व.२०७६/०७७को स्वीकृत युवा लक्षित. . . . . . . . . . . . . .कार्यक्रम संचालन गर्न छत्रदेव गाउँपालिका अर्घाखाँची (यस भन्दा पछाडि पहिलो पक्ष भनिने),विशिष्टताको आधारमा छनौट भएका युवा कृषक श्री/सुश्री/श्रीमती . . . . . . . . . . . . . . . (यस भन्दा पछाडि दोश्रो पक्ष भनिने) विच तपशिलका शर्तनामाहरु गरी गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता/सहमति भएको छ।

१.पहिलो पक्षले दोश्रो पक्षलाई व्यवसाय संचालनको लागि कार्ययोजना अनुसार २ किस्तामा/कार्यविधि अनुसार सामाग्री वा सोझै नगद/ड्राफ/चेक अनुदान स्वरुप तेश्रो पक्षको रोहवरमा उपलव्ध गराउने छ।

२.दोश्रो पक्षले पहिलो पक्षवाट आवश्यक प्राविधिक ज्ञान प्राप्त गरी आफूले आवेदन गरे अनुसारको. . . . . . . . . . . . . . . . . . .व्यवसाय संचालन गर्नेछ।

३.पहिलो पक्षले नियमित रुपमा व्यवसाय संचालन गरे नगरेको अनुगमन गर्नेछन्।

४.यस सम्झौतामा उल्लेखित काम गर्दा परि आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप/भवितव्यको पूर्ण जिम्मेवारी दोश्रो पक्ष स्वयं आफै हुनेछ।

५.यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नियम कानुन बमोजिम हुनेछ।

**पहिलो पक्ष** **दोश्रो पक्ष**

छत्रदेव गाउँपालिकाको तर्फवाट सहि गर्नेको युवा उद्यमी वा संस्थाको तर्फवाट सही गर्नेको

नामः नामः

पदः पदः

दस्तखतः दस्तखतः

मितिः मितिः

कार्यालयको छापः औठाको छाप दा. वा.

फोन नं. संस्थाको छापः

अनुसूची ५

**व्यवसायिक तरकारी खेती/च्याउ खेती/मौरीपालन/बाख्रापालन/भैसीपालन,गाईपालन/लोकल कुखुरापालन सम्बन्धीविदेशबाट फर्किएका युवाहरुको लागि (युवा लक्षित कृषि) कार्यक्रमको प्रगति विवरण पठाउने फारामको ढाँचा**

१.उद्यमी कृषकको २.संचालित व्यवसायको

नामः नामः

ठेगानाः ठेगानाः

३.आ.व. ४.प्रगति प्रतिवेदन अवधिः

| क्र.सं. | कार्य विवरण | ईकाइ | लक्ष्य | प्रगति | आई परेका वाधा अड्चनहरु | समाधानको लागि सुझावहरु |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

प्रति ईकाइ उत्पादित पदार्थको स्थानिय वजारको विक्रि मूल्यः

१ २ ३

युवा उद्यमीको नामः दस्तखतः मितिः

ठेगानाः

अनुसूची ६

**व्यवसायिक तरकारी खेती/च्याउ खेती/मौरीपालन/बाख्रापालन/भैसीपालन,गाईपालन/लोकल कुखुरापालन सम्बन्धि विदेशबाट फर्किएका युवाहरुको लागि (युवा लक्षित कृषि) कार्यक्रमको प्रस्ताव मूल्यांकन फाराम**

| क्र. सं. | द. नं. | आवेदकको नाम | ठेगाना | मूल्यांकन (१०० पूर्णाङ्कमा गर्ने) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | उद्यमीको व्यवसाय प्रतिको अनुभव तालिम(३०) | पेश गरेको कार्ययोजना (४०) | उक्त स्थानमा व्यवसायको सम्भाव्यता उपयुक्ता (१५) | वास्तविक लक्षित वर्ग (१५) | कुल प्राप्ताङ्क (१००) |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**छनौट समितिका पदाधिकारीहरुको नाम,थर,पद, दस्तखत र मिति:**

| सि.नं. | नाम थर | पद | सम्पर्क नं. | दस्तखत | मिति |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |